*Orchid Academia Siraha*
Vol. 1, Issue 1, Dec. 2022: 133-140
ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

# नेपाली शैक्षणिक व्याकरण: सिद्धान्त र प्रयोग
## Nepali Educational Grammar: Theory and Practice

**Asst. Prof. Ramdeo Mandal**
SSMYMC Siraha
*m.ramdeo2013@gmail.com*

**लेखसार**

*नेपाली व्याकरण लेखन सम्बन्धी स्वदेशी तथा विदेशी लेखकहरूबाट प्रयास हुँदा हुँदै पनि तहगत नेपाली व्याकरणको निश्चित पाठ्यक्रममा आधारित स्तरीय तहगत  मानक नेपाली व्याकरणको अभाव देखिएको छ । त्यसैले कुन तहमा कति व्याकरणिक विषयवस्तु राखेर  मानक तहगत नेपाली व्याकरण निर्माण गर्नु यसको मुख्य धेय नै रहेको छ ।  प्रथम र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी पुस्तकालयीय कार्य, तुलनात्मक विधि र वर्णात्मक विधिको प्रयोग गरी गुणात्मक तरिकाले विश्लेषण गरिएको छ । विभिन्न व्याकरणमा अध्ययन गर्दा प्रायःवर्ण, अक्षर, अक्षर संरचना, शब्दवर्ग, लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, करण र अकरण, शब्दभण्डार, वाक्यान्तर, वर्णविन्यास, प्रेरणार्थक, उखान टुक्का र पारिभाषिक शब्दहरु समावेश गरिएका छन् । निम्नमाध्यमिक नेपाली व्याकरण, माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति, प्रविणता प्रमाणपत्र तहको अनिवार्य नेपाली, उच्च माध्यमिक नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति स्नातक तहको अनिवार्य नेपाली (३०१) यी सबैमा स्पष्ट रुपमा यो तहको लागि यति भनेर परिसीमामा बाँधिएको छैन । यसले शिक्षण सिकाइको कममा एकरुपता नभएर अन्योलता रहेको देखिन्छ । तसर्थः यसबाट मुक्त गराउनको लागि निश्चित पाठ्यकम निर्माण गरी त्यसै अनुसार तहगत नेपाली व्याकरणको  अभावलाई परिपूर्ति गर्नु पर्दछ ।*

***शब्द कुन्जिका :*** संसक्ति, व्याकरणिक, वैयाकरण, पदकम, वर्णविन्यास

*Although efforts are being made by domestic and foreign writers, it lacks standard level wise Nepali grammar. Therefore, the main goal of it is to develop standard level wise Nepali grammar by keeping standard grammatical contents regarding level. Primary and secondary sources were used to collect data, and qualitative analysis was performed through library work, comparative method and descriptive method. In various grammar studies, alphabets, letters, syllable structure, word class, gender, number, person, tense, aspect, sense, voice, negative and positive, vocabulary, sentence difference, spelling, causative verb, idioms and definitional words are included. There is no clear boundaries for grammar in different levels such as lower secondary Nepali grammar, Secondary Nepali grammar and expression, compulsory Nepali for proficiency level, higher secondary Nepali grammar and expression, and graduate level (301). It seems there is uncertainty rather than uniformity during teaching-learning. Therefore, particular Nepali grammar should be developed to get rid of such situation and to compensate its lack.*

***Keywords:*** association, grammatical, grammar, hierarchy, spelling

 Vol. 1, Issue 1, Dec. 2022 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

## पृष्ठभूमि

निश्चित उद्देश्यले खास कक्षा वा प्रयोजनका लागि तयार पारिएको व्याकरणलाई शैक्षणिक व्याकरण भनिन्छ (खनाल, २०७८) । शैक्षणिक व्याकरण प्रयोगमूलक र विद्यार्थीमैत्री हुन्छ । समकालीन अवस्थामा प्रयोग हुँदै आएको रचनामुखी व्याकरण पनि शैक्षणिक व्याकरण नै हो । खास कक्षाको लागि तोकिएको विषय वा पाठमा आधारित रही उक्त कक्षाको सम्बन्धित पाठ्यक्रमका अपेक्षा अनुसार शैक्षणिक व्याकरण निर्माण गरिन्छ । यस्तो व्याकरण कार्यमूलक प्रकृतिको हुन्छ । वर्तमान समयमा कार्यमूलक व्याकरणले प्राधान्य पाइरहेकै छ । यो शैक्षणिक व्याकरणमै मर्ममुताविक तयार गरिएको हुन्छ । सैद्धान्तिक पक्षलाई उपेक्षा गर्दै व्यावहारिक पक्षलाई प्राथमिकता दिई शैक्षणिक व्याकरणको निर्माण गरिन्छ । वर्णनात्मक व्याकरणका मूल्यहरूलाई आधार बनाई तयार पारिने शैक्षणिक व्याकरणले सिकारुलाई सहज र सरल ढङ्गबाट भाषा प्रयोगमा प्रोत्साहित गर्दछ । यसरी खास पाठ वा कक्षामा केन्द्रित रही विद्यार्थीको भाषिक व्यावहारलाई सुदृढ तुल्याउने उद्दश्यले सिकारुमैत्री ढाँचामा तयार पारिने भएका यो भाषा शिक्षण सिकाइकै महत्त्वपूर्ण उपकरणका रूपमा रहेको हुन्छ । न्युमार्कका मान्यता अनुसार समाजपरक वा प्रकार्यपरक व्याकरणबाट अनुप्राणित रहेको हुन्छ, जसले गर्दा सम्प्रेषणात्मक सामर्थ्यमा जोड दिँदै भाषालाई मानक बनाउन टेवा पु-याउँछ ।

नेपाली भाषा समितिबाट प्रकाशित नेपाली कसरी शुद्ध लेख्ने (अधिकारी, २०४७) । हिज्जेको समस्यालाईृ वर्ण विन्यासको समस्या नभनेर हिज्जेको समस्या भन्नु पर्छ (पोखरेल, २०६७) ।सबै भाषालाई स्तरीय बनाउने काम व्याकरणले नै गर्छ । त्यस्तै नेपाली भाषालाई स्तरीयबनाउने काम नेपाली व्याकरणले गर्छ । नौ दशकपूर्व गरिएको सार्वनामिक शब्दहरूको र दुई दशक पूर्व गरिएको आगन्तुक तथा शब्दहरूको रूपपरिवर्तनबाट यतिखेर नेपाली समाजमा सबै भन्दा पीडित नेपाली विद्यार्थी र शिक्षकहरू नै छन् (उपाध्याय, २०५७) । तद्भव र आगन्तुक सम्बन्धी केही नियमहरूको अभ्यास गराउन सकिएला तर सबै नियम सिकाउन असम्भव जस्तो लाग्छ (पोखरेल,२०५७) । नेपाली भाषाको अनुसन्धान गरेर तयार पारिएको पहिलो व्याकरण भनेको बल्लभमणि दाहालको शोध-पत्रमा उल्लेखित छ । बालकृष्ण पोखरेलः र चुडामणि रेग्मी जस्ता व्यक्तित्वहरूले पनि तहगत व्याकरणको वारेमा चर्चा गरेका छैनन् । नेपाली भाषाको आफ्नै किसिमको भाषिक संरचना छन् । त्यस अनुसार वैज्ञानिक व्याकरणको आवश्यकता पर्दछ । नेपालीभाषा मातृभाषा र मुख्यतः दोस्रो भाषाको रूपमा बोलिन्छ । यसलाई शिक्षण गर्दा पहिलो भाषाका रूपमा भन्दा दोस्रो भाषाका विद्यार्थीहरूलाई धेरै कठिन हुन्छ । व्याकरणलाई तह अनुसार निर्माण गर्नु यसको उद्देश्य रहेको छ । द्वितीय स्रोतबाट विभिन्न सामग्रीहरु संकलन गरिएका छन् । पुस्तकालय कार्य, तुलनात्मक विधि, वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको, नेपाली व्याकरण सम्बन्धी प्रारम्भमा विदेशी लेखकबाट व्याकरण लेखियो । ल्याटिन भाषाको नमूना व्याकरण डायोनिसस थ्र्याक्सको थियो । यसको पहिलो भागमा शुद्ध बोल्नु, वर्ण र अक्षरहरूका बारेमा जान्नु थियो । दोस्रो

भागमा शब्दवर्ग, काल, लिङ्ग,वचन, कारक आदि । तेस्रो खण्डमा असल र खराब शैलीबारेमा बहस रहेको थियो (न्यौपाने र घिमिरे, २०७०) । बारो (इ.पू. प्रथम शताब्दी) ले छुट्टै ल्याटिन व्याकरण तयार गरे । त्यस्तै पाणिनीको 'अष्ठअध्याय व्याकरण' मानिन्छ ।नेपाली भाषाको मानकीकरणमा मोतीराम भट्टको ठूलो योगदान छ । मोतीराम भट्टपछि वीरेन्द्रकेशरी अर्यालको 'व्याकरणको परिचय' लेखिएको पाइन्छ ।स्वदेशी लेखकहरूमा जयपृथ्वीबहादुर सिंहद्वारा लेखिएको पहिलो नेपाली भाषाका व्याकरण'प्राकृत' व्याकरण हो (लम्साल, २०६२) । राममणि आ.दि भन्दा पूर्वका नेपाली भाषा र साहित्यका अनुरागी विद्वान् एवम् साहित्यकारहरुमा पनि भेटिन्छ । यिनैमध्ये मोतीराम भट्ट, जयपृथ्वीबहादुर सिंह र वीरेन्द्रकेशरी अर्याल प्रमुख हुन् । स्नातक तहलाई मध्यनजर गरी नयाँ पाठ्यक्रममा आधारित प्रयोगात्मक व्याकरणले भाषाको सूक्ष्म अध्ययन गरी शुद्धि बनाउने काम व्याकरणले नै गर्छ ( अधिकारी, २०६८) । यसरी व्याकरणको विकास हुने क्रममा वर्तमान अवस्थामा आएर विभिन्न आधिकारिक व्याकरणहरु प्रकाशन भए पनि नेपाली व्याकरण कुन तहका लागि कति व्याकरणिक विषयवस्तु राख्नु पर्ने त्यो परिसीमाको अभाव देखिन्छ । तहगत व्याकरणको आवश्यकता रहेको देखिन्छ ।

**समस्या कथनः**

शिक्षण क्षेत्रमा पनि विभिन्न समस्याहरु छन् ती मध्ये शिक्षण सिकाइसँग सम्बन्धित व्याकरण समावेश गर्ने समस्या रहेछ । अवस्थी, महादेव (२०५५) द्वारा लिखित *नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति* नेपाली व्याकरणमा वर्ण, व्याकरणिक कोटिहरू सम्बन्धी विषयवस्तुहरू राखेका छन् तर कुन तहमा कति राख्नु पर्दछ, त्यो कुरा उल्लेख भएको छैन । उपाध्याय, कृष्णप्रसाद (२०५२) द्वारा *अनिवार्य नेपाली* प्रवीणता प्रमाणपत्र तहको नयाँ पाठ्क्रममा आधारित सन्दर्भ सामग्रीमा नेपाली व्याकरणका वर्ण, लिपि, अक्षर संरचना, शब्द कोशको प्रयोग लेख्य चिन्हहरुको प्रयोग, वर्णविन्यास, शब्द वर्ग, शब्द रुपायन, शब्द निर्माण, वक्यतत्त्व र वाक्यान्तर सम्बन्धमा चर्चा गरेपनि तहगत कुराको बारेमा केही चर्चा गरेको देखिदैन । खनिया, बुद्धराज, अधिकारी, रामकुमार, दाहाल, विप्रहरि र भटट्, मोहनप्रसाद ( २०६९) द्वारा लिखित *नेपाली व्याकरणमा बोध तथा अभिव्यक्ति र कृति समीक्षा* नेपाली व्याकरणमा वर्ण, अक्षर संरचना, वर्णविन्यास, शब्दकोशको प्रयोग, शब्दभण्डार, शब्दवर्ग सम्बन्धी चर्चा भएतापनि तहगत चर्चा देखिदैन । बराल, कृष्णहरि र एटम, नेत्र (२०५७) द्वारा *निम्नमाध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास* नेपाली व्याकरणमा वर्ण, शब्दवर्ग, पदसङ्गति, शब्द निर्माण, वर्णविन्यास,काल र पक्ष, क्रियाको भाव, कारक विभक्ति, करण र अकरण, वाच्य, वाक्यान्तर, उक्ति परिवर्तन, विशेष शब्द र शब्दभण्डार जस्ता व्याकरण समावेश गरिएको छ तर तहगत चर्चा छैन । भटट्राई, डी.पी र ढुङ्गेल, डिल्लीराम (२०६४) द्वारा लिखित *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति* नेपाली व्याकरणमा वर्ण, पदवर्ग, पद सङ्गति, काल, पक्ष, भाव, शब्द निर्माण, शब्दभण्डार, वाक्यको परिचय र प्रकार, वाक्यान्तर, कारक र विभक्ति, वाच्य, करण र अकरण र वर्णविन्यास जस्ता शीर्षकहरु

 Vol. 1, Issue 1, Dec. 2022 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

राखिएका छन् ।शर्मा, मोहनराज (२०६४) द्वारा लिखित *शब्दरचना र वर्णविन्यास वाक्यतत्व, अभिव्यक्ति र साहित्य* नेपाली व्याकरणमा वर्ण, वर्णविन्यास, शब्दको निर्माण, रुपायन, सरल मिश्र र जटिल वाक्य, काल, पक्ष, भाव वाच्य, पद सङ्गति, कारक र विभक्ति, वाक्यान्तर, उक्ति परिवर्तन आदि जस्ता शीर्षकहरु राखिएका छन् तर तहगत चर्चा देखिएको छैन । तसर्थ : यहाँ कुन तहमा कतिसम्म व्याकरणको विषयवस्तु  समावेश गर्ने एउटा टड्कारो समस्याको रुपमा रहेको छ ।

## उद्देश्य

कुनै पनि कार्यको उद्येश्य सम्बद्ध अनुसन्धान समस्याहरूको प्रमाणिक तथा प्रमाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो अनुसन्धान समस्याले अनुसन्धानकर्तालाई स्पष्ट मार्ग देखाउने काम गर्दछ भने, उद्देश्यले ती समस्याहरूलाई समाधान गर्ने बाटो देखाउँछ ( भण्डारी, २०७२:३) । यस अध्ययन कार्यको उद्येश्य रहेको छ :

(क) तहगत नेपाली व्याकरणको पहिचान गर्नु ।

## औचित्य

नेपाली व्याकरणमा तह अनुसार व्याकणिक विषयवस्तु निर्माण भएको खण्डमा विद्यार्थीहरुलाई पढ्न र शिक्षकहरुलाई अध्यापन गराउन सजिलो तथा वैज्ञानिक हुँदा लेखकहरुलाई नेपाली व्याकरणमा भएको अन्योलता अन्त भएर एकरुपता कायम हुन मदत पुग्नेछ । व्याकरणको तहगत अध्ययन सम्बन्धी खोजविन न्युन भएको छ ।त्यसैले यसको औचित्य रहेको छ  ।

## विधि

प्रस्तुत अध्ययनमा विभिन्न नेपाली व्याकरणलाई द्वितीय सामग्रीको रूपमा सङ्कलन गरेर वर्णनात्मक विधि र तुलनात्मक विधि प्रयोग गरी गुणात्मक प्रकृतिको अनुसन्धान रहेको छ ।

## सीमा

विद्यालयीय तहदेखि उच्च शिक्षा तहसम्मको व्याकरणहरूलाई तहगत रुपमा समीक्षात्मक विश्लेषण गरी निश्चित मानक तह औल्याउने जमर्को गरिएको छ ।

## शैक्षणिक व्याकरणको तहगत शिक्षण र विश्लेषण

नेपाली व्याकरणको सुरुवात विदेशी लेखकबाट प्रारम्भ भई नेपाली भाषामा पहिलो नेपाली व्याकरण जयपृथ्वीबहादुर सिंहको *'प्राकृत व्याकरण'* हो । त्यसपछि नेपाली भाषामा एकपछि अर्को गर्दै निरन्तर नेपाली व्याकरण प्रकाशन हुँदै आएका छन् तर कुन तहका लागि कति व्याकरणिक विषयवस्तु राख्ने त्यसको ठोस रुप देखिदैन ।

केही नेपाली व्याकरणको तहगत भएका प्रयासहरुमा 'निम्नमाध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास'मा ध्वनि र वर्णको परिचय तथा अक्षरको उच्चार्य आधारमा सङ्ख्या उल्लेख गरिएको छ । त्यस्तै शब्दवर्गको परिचय र वर्गीकरण दिइएको, लिङ्ग, वचन, पुरुष र वाच्य परिवर्तन गरिएको, आदरका परिचय र प्रकारका बारेमा उल्लेख भएको, शब्द निर्माणका पाँचै प्रक्रियाहरु उल्लेख भएको, वर्णविन्यासको सामान्य परिचय, धातु र क्रियाको परिचय र प्रकार, काल र पक्षहरुको परिचय र प्रकार, क्रियाको अर्थ वा भाव, कारक र विभक्तिको परिचय र प्रकार, प्रेरणार्थक क्रियाको परिचय र परिवर्तन, करण र अकरणको परिचय र वाक्यान्तर, वाच्यको परिचय र प्रकार, पदसङ्गतिको परिचय र प्रकार, वाक्यको परिचय र प्रकार, उक्ति : परिचय र प्रकार, विशेष शब्दको प्रयोग र उखान  टुक्काको परिचय जस्ता विधाहरु समावेश गरिएको छ ।

'माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति'नेपाली व्याकरणमा भाषा र व्याकरणमा परिचय, ध्वनि, वर्ण र अक्षरको परिचय र अक्षर सङ्ख्या, पदवर्गको परिचय र प्रकार, वचन, लिङ्ग र पुरुषको परिचय र प्रकार, काल र पक्षको परिचय र प्रकार, भावको परिचय र वाक्यान्तर, शब्दनिर्माण प्रक्रियाको परिचय र व्युत्पादन, शब्दभण्डारको परिचय र स्रोत, प्रविधि शब्दको वाक्यमा प्रयोग, वाक्यको परिचय, प्रकार र वाक्यान्तर, पदयोजना तथा पदक्रम, कारक र विभक्तिको परिचय र प्रकार, वाच्यको परिचय र प्रकार, करण र अकरणको परिचय र वाक्यान्तर, प्रेरणर्थक वाक्य र वाक्यान्तर, उक्ति परिवर्तन, आदरार्थी परिचय र प्रकार, वाक्यान्तरको परिचय र प्रकार, वर्णविन्यास सम्बन्धी नियमहरु र उखान र टुक्काको परिचय र तिनको प्रयोग गरिएको छ । हरेक पाठ अनुसारको अभ्यास खण्डहरू राखिएका छन् ।

प्रविणता प्रमाणपत्र तहमाशब्दरचना र वर्णविन्यास वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य नेपाली व्याकरणमा उच्चारण र लेखाइको आधारमा स्वर, व्यन्जन र अक्षर, वर्णविन्यास, सन्धिः ध्वनिहरुको मिसोट, शब्दवर्ग र वर्गीकरण, रुपको निर्माण, सरल, संयुक्त र जटिल, क्रिया र काल, पक्ष, भाव, वाच्यको चिनारी र प्रकार, पदसङ्गति, पदक्रम, कारक र विभक्ति, वाक्यान्तरण, सरल वाक्यमा परिवर्तन, उक्ति र उक्तिपरिवर्तन जस्ता शीर्षकहरु राखिएका छन् ।

प्रवीणता प्रमाणपत्र तहको 'अनिवार्य नेपाली' नेपाली व्याकरणमा नेपाली वर्णहरुको पहिचान, लिपि, नेपाली अक्षरहरुको संरचना, शब्द कोशको प्रयोग, नेपाली तत्सम वर्णविन्यास,शब्दवर्गको परिचय र प्रकार, शब्द रुपायन र यसको परिभाषा, शब्द निर्माण अन्तर्गत व्युत्पादनको परिचय र रुपायनमा फरक, वाक्यतत्त्व र वाक्यान्तरण, सकर्मक र अकर्मक क्रिया, काल, पक्षको परिचय र प्रकार, भाव, वाच्यको परिचय र प्रकार, सङ्गति, कारक र विभक्ति, प्रेरणार्थक र अप्रेरणार्थक वाक्य, करण र अकरण, उक्ति परिवर्तन आदि

 Vol. 1, Issue 1, Dec. 2022 ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

जस्ता व्याकरणिक कोटिहरु राखिएका छन् ।समग्रमा हेर्दा लगभग पाठ्यपुस्तक अनुसार नै रहेको देखिन्छ ।

माध्यमिक र उच्च माध्यमिक तह तथा त्रि.वि. को प्रविणता प्रमाणपत्र तहका लागि 'नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति'नेपाली व्याकरणमा भाषा र व्याकरण अन्तर्गत भाषाको परिचय र प्रकार, व्याकरणको परिभाषा, ध्वनि, वर्ण र अक्षरको चिनारी, शब्द, पद, पदका प्रकार, लिङ्ग,यसका प्रकार, यसको परिवर्तन, वचनको परिचय र प्रकार, पुरुषको परिचय र प्रकार, धातु, किया र कियापद रचना, कियाका किसिम, काल र पक्षका परिचय र प्रकार, नेपाली भाषा र यसको शब्दभण्डार, अनुकरणात्मक शब्द, पारिभाषिक तथा प्राविधिक शब्द, शब्द निर्माण, वाच्यको परिचय र प्रकार, वनोटका आकारमा वाक्यका किसिम, सरल, मिश्र र संयुक्त वाक्य, पदसङ्गति, पदकम, कारक र विभक्ति, वाक्यान्तरण र अर्थसम्बन्धी वाक्यान्तरण, करण र अकरणको परिचय र वाक्यान्तरण, प्रेरणार्थक वाक्यान्तरणः प्रयोग र अभ्यास, उक्ति परिवर्तन र वर्णविन्यासको नियम जस्ता व्याकरणिक कोटिहरु राखिएका छन् ।

तीन वर्षे बी.एड.तथा बी.ए प्रथम वर्षको 'अनिवार्य नेपाली(३०१') नेपाली व्याकरणमा वर्णको परिचय, अक्षरको परिचय, नेपाली वर्ण विन्यासको परिचय र यसका नियमहरु, शब्दकोशको प्रयोग, शब्द भण्डारको परिचय, शब्द वर्गको परिचय र प्रकार, नामको कार्य,सर्वनामको कार्य, विशेषणको कार्य, कियाको कार्य, कियायोगीको कार्य, नामयोगीको कार्य, संयोजकको कार्य, विस्मयादिबोधकको कार्य, निपात, शब्दको वनोट, प्रकीर्ण प्रकियाद्वारा शब्द निमार्ण, सन्धिको परिचय र वर्गीकरण, शब्द सीमाका आधारमा सन्धि, स्रोतका आधारमा सन्धि, सन्धिजन्य विशिष्ट प्रकियाहरु ( लोप,आगम, आदेश), पारिभाषिक शब्दहरु, वाक्यतत्त्वको परिचय, लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भावगत स्वतन्त्र रचना, वाक्यगत स्वतन्त्र रचना, करण र अकरणगत स्वतन्त्र रचना, निर्देशित रचना (वाक्यान्तर) पदसङ्गतिका आधारमा वाक्यान्चतर, उक्ति परिवर्तन, सङ्कथनको परिचय, व्याकरणिक संसक्ति, कोशीय संसक्ति जस्ता व्याकरणिक कोटिहरु राखिएको छ ।

माथि उल्लेखित व्याकरणका आधारमा विभिन्न तहका व्याकरण भए पनि समग्रमा भाषा, व्याकरण परिचय, ध्वनि, वर्ण, अक्षर, शब्द वर्ग, पदसङ्गति, काल, पक्ष, भाव वाच्य, उक्ति, शब्दभण्डार, कारक र विभक्ति, करण र अकरण, शब्दनिर्माण, वाक्यान्तर, संसक्ति, शब्दस्रोत, पदयोजना अनुकरणात्मक, उखान टुक्का आदि व्याकरणिक कोटिहरु समावेश गरिएको छ तर माथि उल्लेखित व्याकरणहरूमध्ये कुनैमा व्याकरण्मा तह अनुसारको विषयवस्तु उल्लेख नभएकाले तहगत व्याकरण आवश्यक देखिन्छ ।

## निष्कर्ष

'निम्नमाध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास', 'माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति', 'माध्यमिक तथा उच्च माध्यमिक व्याकरण नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति',प्रविणता प्रमाणपत्र तह 'शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य', प्रविणता प्रमाणपत्र तहको अनिवार्य नेपाली, तीन वर्षे बी.एड.तथा बी.ए.प्रथम वर्षको अनिवार्य नेपाली (३०१) जस्ता सन्दर्भ सामग्रीहरुमा वर्ण, अक्षर शब्दवर्ग, पदसङ्गति, कारक र विभक्ति, करण र अकरण, शब्दभण्डार, शब्दनिर्माण, वाक्य र वाक्यान्तरण जस्ता शीर्षकहरु लगभग उस्ताउस्तै पाठहरू रहेछन् । कुनै सामान्य किसिमको पाइन्छ भन्ने कुनै अलि विस्तृतमा चर्चा गरिएको पाइन्छ । अर्थात् तहगत पाठ्क्रमको अभाव खट्किएको देखिन्छ । साथ साथै तह अनुसार आधिकारिक पुस्तकको पनि अभाव नै देखिन्छ । यसमा सुधार भई निश्चित पाठ्यक्रम र वैज्ञानिक पुस्तक पनि हुनु पर्दछ । अर्थात् पठन पाठनका लागि उतिकै नै उपयोगी देखिन्छ ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्ग राज (२०४७), *पदयोग र पदवियोगः परम्परा र प्रचलन* प्रज्ञाः पूर्णाङ्क ७०-७१, काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

अधिकारी, हेमाङ्गराज (२०६८), *प्रयोगात्मक नेपाली व्याकरण,* ललितपुरः साझा प्रकाशन ।

अवस्थी, महादेव र शर्मा, ऋषिराम (२०५५), *नेपाली व्यवहारिक व्याकरण र अभिव्यक्ति,* काठमाण्डौः एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.

अवस्थी, महादेव (२०६५), बालसाहित्यका विधा र तिनको लेखन प्रकिया, काठमाण्डौः एकता बुक्स ।

उपाध्या, कृष्णप्रसाद (२०५२), *अनिवार्य नेपाली,*.काडमाण्डौः र राजेश प्रकाशन ।

खनिया बुद्धराज, अधिकारी, रामकुमार, दाहाल, विप्रहरि र भटट् मोहनप्रसाद (२०६९), *अनिवार्य नेपाली (३०१),* काठमाण्डौः जुपिटर प्रकाशन तथा वितरक प्रा.लि. ।

नेपाली वर्णविन्यास विषयक अधिगोष्ठी (२०५७), नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान, काठमाण्डौः स्वयम् ।

न्यौपाने, महेश्वर र घिमिरे, दिनेश (२०७०), *भाषा विज्ञानका प्रमुख सिद्धान्त,* काठमाण्डौः सनलाइट प्रकाशन ।

नेपाली भाषा सङ्गोष्ठी (२०६७), नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौंः स्वयम् ।

पोखरेल, अपर्ण (२०६७), नेपाली पदयोग र पदवियोगको समस्या, ललितपुरः जगदम्बा प्रकाशन ।

ISSN: 2976-1379 (Print)
ISSN: 2976-1387 (Online)

पोखरेल, माधवप्रसाद (२०५६), *नेपाली वाक्य व्याकरण,* काठमाण्डौः साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५७), *नेपाली वर्णविन्यास विषयक अधिगोष्ठी,* काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), *निम्नमाध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,*काठमाण्डौः तलेजु प्रकाशन ।

भण्डारी, पारसमणि र ओझा, रामनाथ (२०६८), भाषिक अनुसन्धान विधि, काठमाण्डौः पिनाकल पब्लिकेसन ।

भटट्राई, डी.पी. र ढुङ्गेल, डिल्लीराम (२०६४), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र (२०६२), नेपाली भाषा र व्याकरण, काठमाण्डौः सनलाइट पब्लिकेसन ।

खनाल, राजेन्द्र (२०७८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र,* काडमाण्डौ : सनलाइट पब्लिकेसन ।